आज मिति २०८२ साल बैशाख २३ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को आठौं बैठक अध्यक्ष श्री भक्त ध्वज बोहराको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्तध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २: अद्यावधिक रोजगार रणनीति पारित गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ३ : निर्देशिका पारित गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ४ : आधारभूत स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा।

प्रस्ताव नं. ५ : स्रोत सुनिश्चितता सम्बन्धमा।

प्रस्ताव नं. ६ : पुर्ण खोप पालिका घोषणा तथा प्रमाणिकरण सम्बन्धमा।

प्रस्ताव नं. ७ : रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं. ८ : म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ९ : विविध।

**निर्णयहरु:**

**निर्णय नं. १:** गाउँ कार्यपालिकाको मिति २०८१।१२।०८ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो।

**निर्णय नं. २:** त्रिपुरासुन्दरी गाउँपालिकाको रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार निर्देशक समितिले तयार गरेको ***रोजगार रणनीति*-२०८१** आगामी दिनमा यस गाउँपालिकाभित्र रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगारमा समाहित गर्न तथा स्वरोजगार बनाइ उनीहरुको आर्थिक, सामाजिक स्तर वृद्धि गर्न अद्यावधिक सहितको रोजगार रणनीति पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउनका लागि बाल संरक्षण अक्षय कोष स्थापना तथा संचालन गर्न तयार पारिएको **"त्रिपुरासुन्दरी गाउँपालिकाको गाउँ बाल संरक्षण अक्षय कोष (स्थापना र सञ्चालन" निर्देशिका, २०८२"** पारित गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४ :** त्रिपुरासुन्दरी गाउँपालिकामा वडा नं ३ मा आधारभूत स्वास्थ्य चौकी भवन निर्माणको लागि संघीय सशर्त अनुदान तर्फ "वडा नं ३ मा आधारभूत स्वास्थ्य निर्माण भुक्तानी" शिर्षकमा विनियोजित बजेट रु. ३७,००,००० ।- (अक्षरुपी सैत्तीस लाख रुपैंया) स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन २०८१ सहित) को अधिनमा रही कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ (क) :** त्रिपुरासुन्दरी गाउँपालिका स्तरीय १० शैया अस्पताल निर्माणको लागि परामर्शदाता "आकार डिजाईनर्स तथा डेभलपमेन्ट प्रा.लि., काठमाडौं" बाट निर्मित विस्तृत परियोजना प्रतिवेदन (DPR) र लागत अनुमान स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति, योजना तथा अनुगमन महाशाखाको "**आधारभूत अस्पताल** ५/१०/१५

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३